२०७८ साल, वर्ष ४, अंक ११ (पुष)

लाटोकोसेरो संरक्षण सबैका लागि

# हाप्सिलो

लाटोकोसेरो सम्बन्धी चौमासिक पत्रिका)





धनुषा जिल्लामा खिचिएको गोठे लाटोकोसेरोको तस्विर । **फोटो: हितेन्द्र झा**

## यो अङ्कमा


लाटोकोसेरोको आवाज ........................................................................१

भगवान रामको सहयोगी.......................................................................२

चीनमा यस्तो पनि हुन्छ.......................................................................३

धनुषामाको खिचिएका गोठेलाटोकोसेरोका तस्बिरहरु............................४

उद्धार, पुनर्स्थापना तथा समाचार ..........................................................६

लाटोकोसेरो तथा हुचीलका केहि तस्विरहरु...........................................७


## हाम्रो भन्नु !

कोभिड १९ को महामारीले मान्छेलाई मात्र होइन वन्यजन्तुको अध्ययन र अनुसन्धानमा पनि असर गरेको छ। केही संघ संस्थाहरू लागे पनि स्थानीय निकायहरू मौन हुनुले यसको संरक्षणमा निक्कै असर पुगेको छ। बाटो, भ्यु टावर, गेट आदि जस्ता क्षेत्रमा लगानी गरे पनि प्रकृतिको संरक्षणमा तिनको मौन बसाइँले दीर्घकालीनरुपमा गार्हो पर्ने निश्चित नै छ । स्थानीय निकायमा सरकारद्वारा दिइने आर्थिक स्रोतको केही भागलाई अनिवार्य रूपमा प्रयोग गर्नुपर्ने व्यवस्था गर्‍यो भने , अन्य वन्यजन्तुसँगै लाटोकोसेरोको संरक्षणमा पनि टेवा पुग्ने देखिन्छ। **सम्पादक**

## लाटोकोसेरोको आवाज



नीता पोखरेल

हे  मानिसहरू हो सुनिबस अब आत्मकथा बोल्दछु
को हुँ, कस्तो छु अनि के छ डर तिम्रै अघि खोल्दछु ||
लाटोकोसेरो, उलुक, हुकु, उरुवा अनेक नाम्ले चिन्दछन्
हड्डी, मासु मात्र होइन मलाई जिउँदै पनि किन्दछन् ||

सिकारी चरा हुँ खान्छु अनेक थरी बानी छ निशाचर
अन्टार्टिका बाहेकका सबै महादेशहरु हुन् है मेरा घर ||
विश्वमा २२५ प्रजाति छन् मेरा नेपालमा २३ थरी
रुखका चट्टानका टोड्का अनि बस्छु अरुकै गुँडमा सरि ||

आँखा ठुला धेरै रडकोशीका भएका परेली छन् तिन वटा
बेलाबेलामा प्वाँख फेर्छु अनि मेरा पाल्ला हुन्छन् पखेटा ||
पल्याक पुलुक हेर्छु, टाउको घुमाउँछु २७० डिग्रीमा
सूचक हुँ स्वस्थ वातावरणको दिन्छु सन्देश अग्रिम ||


लक्ष्मीको वाहन हुँदा पनि कतितिर अशुभ मलाई ठान्दछन्
देशैपिच्छे मलाई लिई अनेक किम्बदन्ती मान्दछन् ||
एकै प्रजाति शुभ अशुभ दुवै के गरी हुन्छ खै
यती सूक्ष्म कुरा पनि नबुझ्ने किन सर्वश्रेष्ठ प्राणी भई ||

वासस्थानको विनाश र वन डढेलोले पार्छ मलाई सङ्कट
चोरी, सिकारी, बन्दुक, गुलेली लिने जाऊ पर हट ||
सद्भाव राखे निश्चय गर्छु मदत सर्प मुसा खाएर
खुसी हुनेछु मेरो संरक्षणमा तिम्रो हातेमालो पाएर ||



**(नीता पोखरेल  त्रिभुवन विश्वविद्यालयमा वन्यजन्तु व्यवस्थापन तथा जैविक विविधता संरक्षण विषयमा स्नातकोत्तर गरिरहेकी छिन् । उनी वन्यजन्तु अध्ययन, अनुसन्धान र लेखनमा रुचि राख्छिन्)**

## भगवान रामको सहयोगी



लक्ष्मणलाई वाण लागेपछि भगवान रामले हनुमानलाई सञ्जिवनी बुटी खोज्न हिमालय पर्वततिर पठाए ।पुरै हिमालय घुम्दा पनि सञ्जिवनी बुटी नभेटेपछि उनी दोधारमा परे । उनले एउटा जुक्ति निकाले । बलिया हनुमानले पहाडै बोकेर आए । रामलाई पनि कुन बुटी हो कुन होइन भनेर छान्न समय लागेछ । बल्लबल्ल बुटी पत्ता लगाइसके पछि भने कसरी खुवाउने भन्ने दोधार थियो । त्यसैबेला नजिकैको रूखमा एउटा चरा 'कच्याक कुचुक' भनेर कराएछ । सोही चराको आवाजको आधारमा जडिबुटीलाई थिचेर कच्याक कुचुक पारेर खुवाए पछि लक्ष्मणलाई होश आएछ । त्यो कच्याक कुचुक भन्ने चरा अरू नभएर लाटोकोसेरो नै थियो । भगवान रामले चरा बसेको हाँगातिर फर्किएर भनेछन् 'तँलाइ कसैले जित्न नसकोस्, त चराको राजा भएस् ।' तर, आशिष दिने बेलासम्म लाटोकोसेरो उडिसकेको थियो । त्यस ठाउँमा चिबे चरा आएर बसेको थियो । त्यो आशिष त्यसैले पायो । यही कारणले गर्दा उक्त चरालाई अरू कुनै चराले पनि जित्न सक्दैनन् । उसले आफ्नो क्षेत्रमा आउने सबै चराहरुलाई लखेट्न सक्छ । आशिष नपाएको लाटोकोसेरो भने रातिमात्र निस्कन्छ । दिउँसो निस्कन पनि सक्दैन । यसैले लाटोकोसेरोले कुनै पनि फलको आशा नराखी सहयोग गर्छ भन्ने किंवदन्ती रहि आएको छ ।

**(लाटोकोसेरो कि बाठोकोसेरो पुस्तकबाट साभार, चित्र: रोशन भण्डारी )**

## चीनमा यस्तो पनि हुन्छ

चीनमा पाइने करिब ३३ प्रजातिका लाटोकोसेरोहरूलाई संरक्षित सूचिमा राखिएको छ । यिनलाई बेचबिखन गर्नेलाई १० वर्षसम्म जेल हुने प्रावधान भएपनि दक्षिण एशिया लगायतका मुलुकबाट लाटोकोसेरो तस्करी हुने क्रम रोकिएको छैन । देशभित्र र बाहिरबाट हजारौं लाटोकोसेरो तथा हुचीलहरू परम्परागत औषधीका लागि भनेर प्रयोग हुँदै आएको छ । जिउँदै लाटोकोसेरोलाई रक्सी वा पानीमा राखेर जाँड समेत बनाइन्छ । लाटोकोसेरो नमरेसम्म माथिबाट लठ्ठीले घोचिन्छ । कुनै कुनै बेला त्यसरी १० वर्षसम्म राखिन्छ । सर्प र लाटोकोसेरोलाई सँगै राखिएको रक्सी उच्च गुणस्तरीय हुने विश्वास गरिन्छ । चिकित्सकहरूले यसरी राखिएको झोल खाँदा स्वास्थ्यलाई प्रतिकूल असर गर्छ भन्ने गरे पनि मानिसहरु महंगो मूल्य तिरेर खाने गर्दछन् । टाउको दुख्न कम हुने, हड्डीका जोर्नी दुख्न कम हुने, रीस उठ्न कम हुने विश्वास गरिन्छ । यसरी बनाइएको वाइनका बारेमा २०१६ जनवरी ९ मा Weibo मा रिपोर्ट प्रकाशित भएको चार घण्टाभित्र ६ हजार जनाले प्रतिक्रिया जनाएका थिए ।



"द सन" नामक पत्रिकाले छापेको चीनमा रक्सी बनाउन राखिएको लाटोकोसेरो ।

## धनुषामाको  खिचिएका गोठेलाटोकोसेरोका तस्बिरहरु

धनुषा जिल्लाको मिथिलाधाम संरक्षित वन क्षेत्रमा केही अघि जाने मौका मिल्यो । सो क्षेत्रमा गोठे लाटोकोसेरो सहजै देख्न सकिन्छ । लाटोकोसेरोले यो क्षेत्रमा स्थानीयहरूको खेत बारीमा मुसाहरू खाएर सहयोग गर्छन् भने धार्मिक हिसाबले पनि यिनलाई सम्मान गरिन्छ । यो क्षेत्रमा लाटोकोसेरो मारेको भेटिएको छैन तर कसैलाई गाली गर्नु पर्‍यो भने ‘उल्लु’ शब्दको प्रयोग भने हुने गरेको छ । हामीले टर्च लाइटको प्रयोग गरेर फोटोहरू खिचेका थियौँ तर यसो गर्न हुन्न जस्तो लाग्छ । सो बेला खिचिएका तस्बिरहरू हेरौँ।



**हितेन्द्र झा**











(काठमाडौँ वन क्याम्पसमा स्नातक तहमा अध्ययनरत झा वन्यजन्तुको अनुसन्धान र संरक्षणमा रुचि राख्छन्)

# उद्धार, पुनर्स्थापना तथा समाचार



विभिन्न विश्वविधालयका १२ जना बिधार्थीहरुका लागि यही मिती ९-२७ नोवेम्बरमा संचालित ‘वन्यजन्तु अनुसन्धान बिधि तालिम’मा लाटोकोसेरोको अध्ययन र अनुसन्धानक बारेमा जानकारी गराईएको थियो।




डिसेम्बर ८ गतेका दिन काठमाडौँ स्थित त्रियोग माध्यमिक विद्यालयका करिब १०६ जना विद्यार्थीका लागि अनलाइन बिधिबाट लाटोकोसेरोको अनुसन्धान, संरक्षण र विद्यार्थीको भूमिका विषयमा प्रस्तुति दिईएको थियो।



तिहारमा पविना आचार्य र सम्झना भट्टराई आचार्यले तयार परेको रंगोली



डिसेम्बर ९ २०२१ मा दुई ओटा गोठे लाटोकोसेरोका बच्चाहरू गुल्मीको धुरकोटबाट डिभिजन बन कार्यालय गुल्मी र नेपाल पन्छी संरक्षण संघले उद्धार गरेको थियो। हुर्काएर पुन प्राकृतिक वासस्थानमा छाड्ने कार्यक्रम रहेको छ।





सेप्टेम्बर ३ २०२१ मा जाजरकोटमा  उद्धार गरिएको हाप्सिलो। फोटो : गोविन्द सिंह

अगस्ट ९ २०२१ मा चितवनको टाँडीबाट घरमा पालिराखेको अवस्थामा कालपेचक उद्धार गरी राष्ट्रिय प्रकृति संरक्षण कोषमा हस्तान्तरण गरिएको छ । तस्बिर: दिनेश गिरि






अक्टोबर ११ मा भूपेन्द्र केसीले काठमाडौँको थानकोटमा कागले लखेट्दै गरेको अवस्थामा गोठे लाटोकोसेरो अभिलेख भएको छ।

भासोलुक प्रजातिको लाटोकोसेरो। तस्बिर : चुम्बा शेर्पा

## अन्त्यमा



**'प्रकृतिका साथीहरु'को चौमासिक प्रकाशन हाप्सिलो**

**अवधारणा :** राजु आचार्य
**सम्पादक :** राजु आचार्य
**पाहुना भाषा सम्पादक :** रमेश पोख्रेल
**फोटो** : कभर पेज: राजु आचार्य
**लेख, रचना तथा सम्पर्कका लागि :** naturesfren@yahoo.com

Friends of Nature
FON
2005